INTERNATIONAL MANPOWER RECRUITMENT (P.) LTD.
P.O.Box: 24009, IMR Complex, Gwarko-7, Lalitpur, Nepal
Phone: +977-1-5204346, 01-5204347, 01-5204348
E-mail: info@imrsolution.com Website: www.imrsolution.com
Licence No. 309/059/060
qualityaustria SYSTEM CERTIFIED
ISO 9001:2015 No. 21180/0

मिति : २०८३-०५-०७

## मलेसिया रोजगारीसम्बन्धी भ्रामक प्रचारप्रति हाम्रो स्पष्ट धारणा

विगत केही दिनदेखि विभिन्न अनलाइन सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा मलेसिया रोजगारीका नाममा कथित रूपमा सिण्डिकेट खडा गर्ने कार्यमा मेरो तथा मसँग सम्बद्ध इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लिको नाम जोडेर विभिन्न किसिमका समाचार, टिप्पणी र धारणा सार्वजनिक गरिएको विषयप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।

मलेसियाको एफडब्लुसीएमएस (FWCMS) पोर्टल अन्तर्गत “Registered Recruitment Agencies” शीर्षकमा मलेसिया जाने नेपाली श्रमिकका लागि २५ वटा नेपाली वैदेशिक रोजगार व्यवसायी संस्थाको सूची प्रकाशित भएको तथा उक्त सूची निर्माण वा त्यससँग सम्बन्धित कथित सिण्डिकेट प्रक्रियामा मेरो वा मसँग सम्बद्ध कम्पनीको संलग्नता रहेको भन्ने आशयका समाचार तथा आरोपहरू पूर्णतः निराधार, भ्रामक र तथ्यहीन रहेको स्पष्ट पार्न चाहन्छु।

सर्वप्रथम, म स्वयं तथा मसँग सम्बद्ध इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि. उक्त सूची तयार गर्ने वा त्यसमा कम्पनीको नाम समावेश गर्ने प्रक्रियामा कुनै पनि रूपमा संलग्न नरहेको तथा यस विषयमा पूर्णतः अनभिज्ञ रहेको स्पष्ट पार्न चाहन्छु । सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा प्रचारित सामग्रीका आधारमा हाम्रो नाम जोडिनु दुःखद र खेदजनक विषय हो ।

इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि. नेपाल सरकारको नीति, प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय श्रम र आप्रवासनका स्थापित मापदण्डअनुसार स्वच्छ, न्यायोचित तथा नैतिक भर्ना प्रक्रिया (Ethical Recruitment) मार्फत मात्र आफ्नो व्यवसाय सञ्चालन गर्दै आएको कम्पनी हो । नेपाली श्रमिकलाई सुरक्षित, सम्मानजनक र मर्यादित वैदेशिक रोजगारीमा पठाउने उद्देश्यलाई कम्पनीले आफ्नो मूल सिद्धान्तका रूपमा आत्मसात् गर्दै आएको छ ।

यसका साथै, वैदेशिक रोजगार व्यवसायमा समान अवसर, निष्पक्ष प्रतिस्पर्धा तथा पारदर्शी व्यावसायिक वातावरण कायम हुनु आवश्यक रहेको मेरो दृढ धारणा छ। कुनै निश्चित व्यवसायी वा संस्थालाई विशेष लाभ पुग्ने गरी अन्य इजाजतप्राप्त व्यवसायी संस्थालाई प्रतिस्पर्धाबाट वञ्चित, सीमित वा विभेद गर्ने प्रकृतिको कुनै पनि व्यवस्था, प्रक्रिया वा कार्य स्वस्थ तथा निष्पक्ष प्रतिस्पर्धाको मूल मान्यताविपरीत भएको र वैदेशिक रोजगार व्यवसायमा सबै इजाजतप्राप्त व्यवसायी संस्थालाई समान अवसर, समान व्यवहार र निष्पक्ष प्रतिस्पर्धाको वातावरण सुनिश्चित गरिनुपर्नेमा म दृढतापूर्वक जोड दिन चाहन्छु।

विशेषतः इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम)द्वारा सञ्चालित इन्टरनेशनल रिक्रुटमेन्ट इन्टेग्रिटी सिस्टम (IRIS) द्वारा प्रमाणित भएको र “The Fair Hiring Initiatives” अन्तर्गत “On The Level (OTL)” को प्रमाणपत्र प्राप्त गर्ने नेपालको पहिलो म्यानपावर कम्पनी भएको कुरा हामी गर्वका साथ उल्लेख गर्न चाहन्छौं । यसले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई शून्य लागत तथा न्यायोचित र नैतिक भर्ना प्रक्रियामार्फत रोजगारीका अवसर उपलब्ध गराउँदै आएको छ ।

विगत करिब दुई दशकदेखि मलेसिया लगायत विभिन्न मुलुकमा नेपाली श्रमिक पठाउँदै आएको कम्पनीले हालसम्म २० हजारभन्दा बढी नेपाली श्रमिकलाई मलेसिया लगायतका विभिन्न गन्तव्य मुलुकमा स्वच्छ, पारदर्शी र नैतिक भर्ना प्रक्रियामार्फत निःशुल्क वैदेशिक रोजगारीमा पठाइसकेको छ । कम्पनीले सन् २०१६ देखि न्यायोचित तथा नैतिक भर्ना प्रक्रियालाई व्यवस्थित रूपमा अवलम्बन गर्दै आएको र सन् २०१८ देखि श्रम आप्रवासनका क्रममा लाग्ने खर्च रोजगारदाता कम्पनीले व्यहोर्ने सिद्धान्तमा आधारित स्वच्छ तथा श्रमिकमैत्री भर्ना प्रक्रिया अपनाउँदै आएको छ ।

हाम्रो कम्पनीको विगतको लामो अनुभव, व्यावसायिक अभ्यास, अन्तर्राष्ट्रिय मापदण्डप्रतिको प्रतिबद्धता तथा हजारौं नेपाली श्रमिकको हितमा गरिएको कार्यलाई बेवास्ता गर्दै कुनै ठोस प्रमाण र सत्यतथ्यबिना हाम्रो नाम विना आधा। हचुवा तवरबाट सिण्डिकेटसँग जोडिनु अत्यन्त दुःखद विषय हो । यस्ता निराधार आरोप तथा भ्रामक सामग्रीले मेरो व्यक्तिगत प्रतिष्ठा र इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.को दुई दशक लामो व्यावसायिक साखमा गम्भीर आघात पुग्नुको साथै यस कम्पनीले बिगतदेखि गरि आएको स्वच्छ, निश्पक्ष र कानूनी तवरबाट काम गर्दै आएको कुरालाई आक्षप लगाई दुराशयपूर्ण तवरबाट आरोप लगाइएको भन्ने हाम्रो ठम्याइ छ।

यस विषयमा आवश्यक तथ्य र प्रमाण संकलन गरी प्रचलित कानुनबमोजिम उपलब्ध कानुनी उपचारका विषयमा समेत हामीले आवश्यक परामर्श र छलफल गरिरहेका छौं । तथापि, हाम्रो पहिलो आग्रह भनेको सत्यतथ्यका आधारमा मात्र सूचना सम्प्रेषण हो ।

त्यसैले, सत्यतथ्य नबुझी वा अपुष्ट, अधुरो तथा एकपक्षीय सूचनाका आधारमा कम्पनी तथा कम्पनीसँग सम्बद्ध व्यक्तिहरूको नाम जोडेर समाचार, सूचना, टिप्पणी वा धारणा सार्वजनिक नगर्न सम्बन्धित सञ्चारमाध्यम, पत्रकार मित्रहरू, सामाजिक सञ्जाल प्रयोगकर्ता तथा सम्पूर्ण सरोकारवाला पक्षसँग हार्दिक अनुरोध गर्दछौं । कुनै जिज्ञासा, भ्रम वा अन्योल भएमा आधिकारिक जानकारीका लागि प्रत्यक्ष रूपमा कम्पनीसँग सम्पर्क गरी तथ्य बुझ्नसमेत आग्रह गर्दछौं ।

हामी विगतमा जस्तै आगामी दिनमा पनि नेपाली श्रमिकको हित, सुरक्षित र मर्यादित वैदेशिक रोजगारी, शून्य लागतको सिद्धान्त, स्वच्छ एवं नैतिक भर्ना प्रक्रिया तथा निष्पक्ष र पारदर्शी वैदेशिक रोजगार व्यवसायको पक्षमा दृढतापूर्वक प्रतिबद्ध रहनेछौं ।


वाइ बी राई
इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.
ग्वार्को, ललितपुर
फोन : ०१-५२०४३४६, ५२०४३४७